# पोषणमैत्री स्थानीय शासनः संक्षिप्त जानकारी एवम् सूचकहरू

**पोषणमैत्री शासन:**

सबै व्यक्तिको शारीरिक, बौद्धिक, संवेगात्मक तथा सामाजिक विकासको लागि आवश्यक पर्ने सबै प्रकारका पोषक तत्वहरु उपलब्धताको सुनिश्चिता हुने गरी मानव पुँजीको विकास गर्न सञ्चालित शासकीय पद्धति नै पोषणमैत्री शासन हो।

**पोषणमैत्री स्थानीय शासन:**

स्थानीय तहको नीति, योजना, कार्यक्रम र कार्य प्रक्रियामा पोषण केन्द्रित तथा पोषण संवेदनशिल कार्यक्रम समावेश गरी सबै व्यक्तिमा पोषण सेवा प्राप्तीको सुनिश्चिता गर्न समर्थ बनाउने वातावरण सिर्जना हुने गरी कार्यान्वयन गरिने बहुक्षेत्रीय प्रयास पोषणमैत्री स्थानीय शासन हो।

**पोषणमैत्री स्थानीय तह:**

पोषणमैत्री शासनको लागि निर्धारण गरिएका सूचकहरु प्राप्तिको सुनिश्चिता भएको स्थानीय तह पोषणमैत्री स्थानीय तह हो।

**सोच, लक्ष्य, उद्देश्य, रणनीति**

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय अभियान तथा दिगो विकास लक्ष्यले तोकेका सूचक पुरा गर्न सघाउ पुग्ने गरी मानव पूँजीको विकास गर्न यो रणनीति तर्जुमा गरिएको छ। यो रणनीतिको सोंच, लक्ष्य, उद्देश्य र रणनीतिलाई देहाय बमोजिम तय गरिएको छ।

**सोच:** स्वस्थ, समृद्ध, बौद्धिक र सभ्य मानव पुँजीको निर्माण।

**लक्ष्य:** वि.स. २०८७ भित्र सबै स्थानीय तहहरुलाई पोषणमैत्री बनाउने।

**उद्देश्य :**

- महिला तथा बालबालिका र किशोरीहरुको पोषण अवस्थामा सुधार गर्नु,
- बहुक्षेत्रीय अभ्यासलाई संस्थागत गर्नु,
- स्थानीय तहको नीति, योजना, कार्यक्रम र सेवा प्रवाहमा सुधार गरी पोषणमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन गर्नु।

## रणनीति तथा कार्यनीतिः

| क्र.स. | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | सचेतना र पैरवी | • सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाहरुलाई पोषणमैत्री स्थानीय शासनका रणनीतिमा आधारित भई अभिमुखीकरण गरिनेछ।<br>• स्थानीय तहको पोषण प्रोफाईल अनुसार पोषण नीति तर्जुमा गर्न पैरवी गरिनेछ।<br>• आवधिक तथा वार्षिक योजनामा पोषणका क्रियाकलाप समावेश गर्न छलफल तथा पैरवी गरिनेछ।<br>• स्थानीय तहमा विभिन्न विधामा ख्याती प्राप्त व्यक्ति वा समुहलाई पोषण अभियन्ता मार्फत सचेतना र पैरवी गरिनेछ।<br>• स्थानीय खाद्य पदार्थमा पाइने पोषक तत्वहरुको सम्बन्धमा सचेतना अभिवृद्धि गरिनेछ।<br>• पोषणमैत्री आचरण र व्यवहार प्रवर्द्धन गर्न पैरवी गरिनेछ।<br>• बहुक्षेत्रीय पोषण योजनाले तोकेका लक्षित समूहको लागि कार्यक्रम तर्जुमा गर्न पैरवी गरिनेछ। |
| २ | मूलप्रवाहीकरण | • पोषणमैत्री स्थानीय तह घोषणाका लागि रणनीति अनुसारका क्रियाकलाप सञ्चालन गर्न सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाबाट प्रतिवद्धता गरिनेछ।<br>• पोषण सम्बन्धित विषयलाई वडा तथा स्थानीय तहको नीति, योजना, कार्यक्रममा समाहित गरिनेछ।<br>• पोषणसँग सम्बन्धित क्रियाकलापहरु स्थानीय तहको सहभागितामूलक योजना तर्जुमाको विधिबाट छनोट गरिनेछ।<br>• स्थानीय तहको क्षेत्रगत योजनामा पोषणसँग सम्बन्धित विषयलाई समावेश गरिनेछ।<br>• क्षेत्रगत तालिमहरुमा पोषण विषय समावेश गरिनेछ।<br>• पूर्वाधार विकासको नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा पोषण संवेदनशील विषयलाई जोड गरिनेछ।<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जलवायू परिवर्तन, विपद् जोखिम न्यूनीकरण लगायतका अन्तरसम्बन्धित विषयहरुसँग सम्बन्धित नीति तथा योजना तर्जुमा गर्दा पोषणसँग सम्बन्धित क्रियाकलापहरु समावेश गरिनेछ। |
| ३ | संस्थागत विकास | • बहुक्षेत्रीय पोषण योजनामा भएको व्यवस्था अनुसारका समितिहरुको गठन र क्रियाशीलता गरिनेछ।<br>• गाउँपालिकार /नगरपालिका र वडामा पोषणमैत्री  स्थानीय शासनको प्रभावकारिताको लागि संयोजक, विषयगत शाखाका सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने व्यवस्था मिलाइनेछ।<br>• पोषणमैत्री स्थानीय तह प्रवर्द्धन लागि आवश्यकता अनुसार कार्यदल, कार्यटोली र समुदायमा आधारित संस्थाहरुको गठन र परिचालन गरिनेछ। |
| ४ | बहुक्षेत्रीय प्रयासको अवलम्बन | • बहुक्षेत्रीय पोषण योजनाले पहिचान गरेको पोषणसँग सम्बन्धित क्षेत्रहरु कृषि, पशुविकास, खानेपानी तथा सरसफाई, महिला बालवालिका, शिक्षा, स्वास्थ्य तथा स्थानीय सुशासनलाई समन्वयनात्मक रुपमा परिचालन गरिनेछ।<br>• पोषण विशेष र पोषण संवेदनशील कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गरिनेछ।<br>• विषयगत क्षेत्रबाट हुने नियमित क्रियाकलापहरुलाई बहुक्षेत्रीय पोषण योजना दोस्रोले तोकेका लक्षित समूहमा सञ्चालन गर्न प्राथमिकता गरिनेछ। |

| | | |
|---|---|---|
| | | • गैर सरकारी क्षेत्रबाट सञ्चालन हुने पोषणसँग सम्बन्धित क्रियाकलापहरुलाई बहुक्षेत्रीय अवधारणा अनुसार सञ्चालन गरिनेछ। |
| ५ | सूचना, शिक्षा र सञ्चार (अभिलेख, अभियान, अन्तरक्रिया, छलफल, प्रकाशन, मिडिया कभरेज) | • पोषण प्रोफाईलको तयारी, अद्यावधिक र सार्वजनिकीकरण गरिनेछ।<br>• पोषण सम्बन्धी श्रव्य दृष्य सामग्री उत्पादन र प्रशारण, जानकारी पुस्तिका (व्रोसियर), लिफलेट, पम्प्लेट जस्ता छापा सामग्री प्रकाशन र वितरण गरिनेछ।<br>• संचार माध्यमसँग नियमित अन्तरक्रिया, छलफल गरिनेछ।<br>• विद्यालय तहको पाठ्यक्रममा पोषण विषय समावेश गरिनेछ।<br>• विद्यालय भित्र र विद्यालय बाहिर रहेका किशोर/किशोरीहरुको लागि जीवनउपयोगी सीप सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरिनेछ। |
| ६ | क्षमता विकास | • निर्देशक समितिका सदस्य, सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाहरुलाई पोषणमैत्री स्थानीय शासनका रणनीतिमा आधारित भई क्षमता विकास गरिनेछ।<br>• विषयगत क्षेत्रका कर्मचारीहरुलाई पोषणमैत्री स्थानीय शासन प्रभावकारी रुपमा सञ्चालनका लागि तालिम, गोष्ठि तथा अन्य क्षमता विकासका कार्य गरिनेछ।<br>• विद्यालय /स्वास्थ्य/खानेपानी उपभोक्ता व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका शिक्षक/शिक्षिका, आमा/महिला समूहका सदस्यहरु, टोल विकास संस्थाका पदाधिकारी, महिला स्वयंसेविकाहरु, अगुवा कृषक र सामाजिक अगुवाको क्षमता विकासको लागि कार्यक्रम सञ्चालन गरिनेछ।<br>• बहुक्षेत्रीय पोषण सम्बन्धी विषयमा वहस पैरवी तथा असल अभ्यासहरुको अनुशरण र आदानप्रदान गरिनेछ।<br>• स्रोत व्यक्ति एवं प्रशिक्षकहरुको सूची तयार गरी आवश्यकता अनुसार परिचालन गरिनेछ। |
| ७ | सामाजिक परिचालन | • महिला तथा बालबालिकाको कुपोषणको सवाल र कारणहरूलाई दृष्टिगत गर्दै लक्षित क्रियाकलापहरू घर परिवार र समुदायस्तरसम्म सञ्चालन गरिनेछ।<br>• लैङ्गिक हिंसा, बालविवाह, छाउपडी, कमलरी, देउकी लगायत सामाजिक कुप्रथा एवं अन्धविश्वास, कुरीति, कुसंस्कार विरुद्ध सामाजिक अभियान सञ्चालन गरिनेछ।<br>• खुला दिशामुक्त, पूर्ण सरसफाइयुक्त, पूर्ण खोप, पूर्ण साक्षर, घरभित्रको धुवाँमुक्त, बालमैत्री, वातावरणमैत्री जस्ता विभिन्न अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>• लक्षित समुहमा उद्यमशीलता प्रवर्द्धन गरी आयस्तर, वृद्धि गरिनेछ।<br>• विद्यालय रस्वास्थ्यर खानेपानी उपभोक्ता व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका शिक्षक र शिक्षिका, आमा र महिला समूहका सदस्यहरु, टोल विकास संस्थाका पदाधिकारी, महिला स्वयंसेविकाहरु, अगुवा कृषक र सामाजिक अगुवालाई पोषण प्रवर्द्धन परिचालन गरिनेछ। पोषणसँग सम्बन्धित विद्यमान सकारात्मक व्यवहारको पहिचान र प्रोत्साहन गर्न अभियन्ता, आदर्श व्यक्ति, समूह, संस्थाहरूलाई परिचालन गरिनेछ। |
| ८ | लक्षित कार्यक्रम सञ्चालन | • लक्षित समुहको पहिचान गरी उनीहरुको सहभागितामा, पोषण लक्षित तथा पोषण संवेदशील कार्यक्रम सञ्चालन गरिनेछ।<br>• बहुक्षेत्रीय पोषण सम्वद्ध सवै सरोकारवाला, सरकारी तथा गैरसरकारी निकायहरू बीच समन्वय गरी एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ। |

| | | |
|---|---|---|
| ९ | निजी क्षेत्र तथा नागरिक समाजसँग सहकार्य | • प्रतिस्पर्धी बजार मुल्यमा स्थानीय बजारमा खाद्य सामग्री नियमित उपलब्ध गरिनेछ।<br>• व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत पोषणसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गरिनेछ।<br>• बजारमा उपलब्ध गराईने खाद्यन्नको गुणस्तर र स्वच्छता कायम गरिनेछ।<br>• नागरिक समाजका प्रतिनिधिहरु समेतको सहभागितमा गरिने बजार अनुगमनमा सहयोग गरिनेछ। |
| १० | सुशासन | • पोषणमैत्री स्थानीय तह प्रवर्द्धनका लागि गरिएका क्रियाकलाप र सोको प्रगति कार्यालयको सूचना पाटी, वेवसाईट तथा आवश्यकता अनुसार आमसंचार माध्यमवाट नियमित रुपमा सार्वजनिकीकरण गरिनेछ।<br>• पोषणमैत्री स्थानीय तहका सूचक प्राप्तिको लागि तोकिएका संरचना तथा क्षेत्रहरुलाई जवाफदेही बनाइनेछ।<br>• स्थानीय तहले पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता क्रियाकपालहरु सञ्चालन गरिनेछ। |
| ११ | नतिजामुखी अनुगमन | • पोषणमैत्री स्थानीय शासनको लागि तोकिएको सूचकको आधारमा संचालित कार्यक्रमहरुको अनुगमन गरिनेछ।<br>• पोषण सम्बन्धी अनुगमनमा स्थानीय विकासका साझेदार तथा अन्तराष्ट्रिय विकास समुदायसँगको सहकार्य र साझेदारी गरिनेछ।<br>• स्थानीय तहको आवधिक समीक्षामा पोषणको नतिजा समावेश गर्ने र विकास साझेदार निकायबाट सम्पादित कामको समेत प्रगति समीक्षा गरिनेछ।<br>• अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने व्यक्ति, अभियन्ता संस्था, विकास साझेदार, अन्य सहयोगी निकाय, वडा तथा स्थानीय तहलाई पुरस्कृत गरिनेछ। |
| १२ | मुल्याङ्कन र दिगोपनको सुनिश्चितता | • पोषणमैत्री स्थानीय तहको लागि तोकिएका सूचकहरु प्राप्तिको दिगोपनाको लागि कार्ययोजना तर्जुमा गरिनेछ।<br>• बहुक्षेत्रगत प्रयासलाई निरन्तरता गरिनेछ।<br>• प्रत्येक वर्षको वार्षिक समीक्षाका सूचकमा आधारित भई प्रगति विवरण सार्वजनिक गरिनेछ।<br>• पोषणमैत्री स्थानीय तहका सूचकका उपलब्धिको प्रत्येक ३/३ वर्षमा तेस्रो पक्षवाट मुल्याङ्कन गरिनेछ। |

## पोषणमैत्री स्थानीय शासनका चरणहरु

पोषणमैत्री स्थानीय शासन कार्यान्वयनका चरण देहाय बमोजिम हुनेछ।

## पूर्वतयारी चरण

- पोषणमैत्री स्थानीय शासनको अवधारणा सम्वन्धी गाउँ/नगर सभा सदस्य, गाउँ/नगर कार्यपालिकाका पदाधिकारी, पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमुखीकरण गर्ने।
- कार्यपालिकाबाट पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गर्न निर्णय गर्ने।
- कार्यपालिका र पोषणमैत्री स्थानीय शासन गाउँ/नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट लिखित प्रतिबद्धता गर्ने।

- पोषणमैत्री  स्थानीय शासन अवधारणा र विद्यमान अवस्था सम्बन्धी राष्ट्रिय रणनीतिका सूचकमा आधारित भई गाउँपालिका/नगरपालिकामा पोषणको अवस्था  सम्बन्धी वस्तुगत विवरण (प्रोफाईल) तयार गर्ने र प्रकाशन गर्ने।
- पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक स्थानीय कार्यविधि/आचार संहिता तर्जुमा गर्ने।

### तयारी चरण

- गाउँपालिका /नगरपालिका र वडामा पोषणमैत्री  स्थानीय शासनको लागि संस्थागत प्रवन्ध (संयोजक, विषयगत शाखाका सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने) गर्ने।
- पोषणमैत्री  स्थानीय शासन अवलम्बन गर्ने वडाहरु छनौट गर्ने।
- पोषणको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट पोषणमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिवद्धता प्राप्त गर्ने।
- पोषण मैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार समुदायमा आधारित संस्थाहरुको गठन र परिचालन।

### योजना तर्जुमाको चरण

- पोषणमैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरुको एकीकृत योजना तर्जुमा गर्ने।
- छनोट भएको क्षेत्रगत क्रियाकलापहरुको लागि आवश्यक बजेट विनियोजन गर्ने।
- विकास साझेदार, सामाजिक सङ्घसंस्था तथा निजी क्षेत्रका कार्यक्रमहरुलाई स्थानीय तहको कार्यक्रम र बजेटमा आबद्धता कायम गर्ने।

### कार्यान्वयनको चरणः

- क्षेत्रगत निकाय, साझेदार र अन्य सरोकारवालाहरु बीच समन्वय र सहकार्य गर्ने।
- स्वीकृत वार्षिक क्रियाकलापहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने।
- पोषणमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने।

### अनुगमन, मूल्यांकन र प्रतिवेदनको चरण

- वडा समिति, गाउँ / नगरस्तरीय समितिबाट सूचक पुरा भएको सरोकारवालाहरु समेतको सहभागितामा अनुगमन र समीक्षा गरी प्रतिवेदन तयारी गर्ने।
- पोषणमैत्री  स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकीकरण
- पोषणमैत्री  स्थानीय शासनको घोषणको लागि तोकिएको निकायवाट अनुगमन गर्ने।
- वडा समिति/ कार्यपालिकाबाट सूचक पुरा भएको प्रमाणिकरण गर्ने।
- पोषणमैत्री घोषणाका लागि तोकिएको निकायबाट अनुमति प्रदान।

### पोषणमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणाको चरण

- पोषणमैत्री वडा / गाउँपालिका / नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा।
- पोषणमैत्री  वडा घोषण गर्न कार्यपालिका र गाउँपालिका / नगरपालिका घोषणा गर्न सम्बन्धित गाउँ / नगर सभाको निर्णय।
- पोषणमैत्री  वडा / गाउँपालिका / नगरपालिका घोषणा।
- तोकिएका लक्ष्यहरु नियमित रुपमा कम्तिमा २ वर्ष प्राप्त भएपछि मात्र पोषणमैत्री वडा / गाउँपालिका / नगरपालिका घोषण गर्ने।

### पोषणमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणाको निरन्तरताको चरण

- पोषणमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना कार्यान्वयन।

- पोषणमैत्री स्थानीय शासनका सूचकहरुको दिगोपनाको सुनिश्चितता।

## पोषणमैत्री स्थानीय तह घोषणाः

यस रणनीति बमोजिम पोषण अवस्थाको आधारमा पोषणमैत्री स्थानीय तह घोषणा गरिनेछ। स्थानीय तहले तोकिए बमोजिमका सूचकको विद्यमान अवस्था देखिने गरी पोषण पार्श्वचित्र तयार गर्नु पर्नेछ। यस आधारमा पोषण पार्श्वचित्र तयार गर्ने गाउँपालिका तथा नगरपालिकालाई पोषणमैत्री स्थानीय तह अवलम्बन गरेको स्थानीय तह मानिनेछ। सोही अनुसूचीमा उल्लेख भएको सूचकमा तोकिएको उपलब्धि हासिल भएको आधारमा सम्बन्धित गाउँपालिका तथा नगरपालिकाले पोषण उन्मुख वा पोषणमैत्री स्थानीय तह घोषणा गर्न सक्नेछन्।

## संस्थागत भूमिका

पोषणमैत्री स्थानीय तह राष्ट्रिय रणनीतिको कार्यान्वयनको लागि बहुक्षेत्रीय पोषण योजनामा उल्लेख भए बमोजिमका संयन्त्रबाट तोकिएको भूमिका निर्वाह गर्नु पर्ने हुन्छ। यसको साथै पोषणमैत्री स्थानीय तह घोषणाको कार्यमा प्रत्यक्ष संलग्न रहने निकायहरुको संस्थागत भूमिका देहाय बमोजिम उल्लेख गरिएको छ।

### क. राष्ट्रिय योजना आयोगः

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा राष्ट्रिय योजना आयोगको भूमिका देहाय बमोजिम हुनेछ।

- पोषण सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्ने।
- पोषण सम्बन्धी खण्डीकृत तथ्याङ्कको सङ्कलन तथा अद्यावधिक गर्ने।
- सङ्घ, प्रदेश र स्थानीय तहको वार्षिक बजेटमा पोषण केन्द्रित र पोषण संवेदनशील कार्यक्रम समावेश गर्न मार्गदर्शनमा उल्लेख गरी पठाउने।
- विषयगत मन्त्रालयलाई वार्षिक कार्यक्रममा पोषण प्रवर्द्धन गर्ने क्रियाकलापहरु समावेश गर्न निर्देशन दिने।
- विकास साझेदारहरुलाई पोषणको क्षेत्रमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन समन्वय र सहजीकरण गर्ने।
- विषयगत मन्त्रालय, विकास साझेदार तथा निजी क्षेत्रबीच नियमित समीक्षा, समन्वय र सहजीकरण गर्ने।
- पोषणमैत्री स्थानीय तह घोषणाको लागि सहयोग गर्न विषयगत मन्त्रालय तथा विकास साझेदारहरुलाई निर्देशन दिने।
- पोषण सम्बन्धी क्रियाकलापहरुको नियमित अनुगमन तथा मूल्यांकन गर्ने।
- राष्ट्रिय पोषण सम्पर्क निकाय (National Nutrition Focal Agency) को रुपमा राष्ट्रिय योजना आयोगले अन्तर्राष्ट्रियस्तरमा नेपालको पोषण अवस्था बारेमा सूचना तथा तथ्याङ्क अद्यावधिक गराउने र स्रोत व्यवस्थापनको लागि समन्वय गर्ने।

### ख. सङ्घीय विषयगत मन्त्रालयः

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा सङ्घीय विषयगत मन्त्रालयहरुको भूमिका देहाय बमोजिम हुनेछ।

- वार्षिक कार्यक्रममा पोषण सम्बन्धी क्रियाकलाप समावेश गर्ने।
- पोषण सम्बन्धी क्षेत्रगत रणनीति तयार गर्ने।
- पोषण सम्बन्धी क्षेत्रगत सूचक अद्यावधिक गर्ने।
- प्रदेश तथा स्थानीय तहलाई प्राविधिक सहयोग गर्ने।
- पोषणका सूचकको आधारमा स्थानीय तहमा पोषण सम्बन्धी सशर्त कार्यक्रम सञ्चालन गर्ने।
- कमजोर सूचक रहेका क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गर्ने।
- नियमित अनुगमन गरी कार्यक्रमलाई प्रभावकारी बनाउने।
- पोषण प्रवर्द्धन कार्यक्रमको लागि नीति तथा कार्यक्रम, बजेट र स्रोत विनियोजनको लागि प्रदेश र स्थानीय तहमा सहजीकरण गर्ने।

### ग. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ।

- स्थानीय तहको सम्पर्क मन्त्रालयको रुपमा काम गर्ने।
- स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि सञ्चालन हुने क्षमता विकास कार्यक्रममा पोषणका विषय समावेश गर्ने।
- स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा पोषणको अवस्था सुधार गर्ने क्रियाकलापहरु समावेश गर्न सहजीकरण गर्ने।
- पोषणको क्षेत्रमा कार्यक्रम तर्जुमा गर्न राष्ट्रिय योजना आयोग, क्षेत्रगत मन्त्रालय तथा विकास साझेदारहरुसँग समन्वय गर्ने।
- बहुक्षेत्रीय पोषणको एकीकृत प्रतिवेदन तयार गर्ने।
- पोषण मैत्री स्थानीय तह घोषणाको लागि विषयगत मन्त्रालय तथा विकास साझेदारसँग समन्वय तथा सहकार्य गर्ने।
- पोषणमैत्री स्थानीय तह घोषणाको लागि स्थानीय तहलाई प्राविधिक सहयोग गर्ने।
- पोषणसँग सम्बन्धित क्रियाकलापहरुको नियमित अनुगमन गर्ने।
- पोषणयुक्त खानाको उत्पादन, वितरण र उपभोग वृद्धि गर्न स्थानीय तहलाई प्रोत्साहन गर्ने।

### घ. प्रदेश सम्पर्क मन्त्रालयः

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा प्रदेश सम्पर्क मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ।

- वार्षिक बजेट तथा कार्यक्रमको लागि स्थानीय तहमा पठाउने मार्गदर्शनमा पोषणको विषय समावेश गर्न लेखी पठाउने।
- पोषणमैत्री स्थानीय तह निर्माणको लागि स्थानीय तहलाई सहजीकरण गर्ने।
- पोषणसँग सम्बन्धित तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने।
- पोषण मैत्री स्थानीय तहका सूचकमा आधारित रही बजेट तथा कार्यक्रम तर्जुमा गर्न प्रदेश विषयगत मन्त्रालयलाई निर्देशन दिने।
- पोषणको क्षेत्रमा काम गर्ने विकास साझेदारहरुसँग समन्वय गर्ने।
- प्रदेश मातहतका निकाय तथा प्रदेश भित्र रहेका स्थानीय तहमा सञ्चालित पोषण सम्बन्धी क्रियाकलापहरुको नियमित अनुगमन गरी पृष्ठपोषण दिने।
- पोषण मैत्री स्थानीय तहका सूचक पूरा भएको सुनिश्चित गरी पोषण मैत्री स्थानीय तह घोषणाको लागि सहमति दिने।
- पोषण सम्बन्धी नीति योजना तथा कार्यक्रम कार्यान्वयनमा अन्तर सरकार समन्वय तथा सहकार्य गर्ने।

### ङ. प्रदेश विषयगत मन्त्रालय

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा प्रदेशका विषयगत मन्त्रालयहरुको भूमिका देहाय बमोजिम हुनेछ।

- पोषणसँग सम्बन्धित तथ्याङ्कहरुको विश्लेषण गरी आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने
- पोषणको अवस्था अनुसार स्थानीय तहमा विशेष कार्यक्रम सञ्चालन गर्ने।
- पोषणका सूचकमा आधारित रही स्थानीय तहमा सशर्त कार्यक्रम सञ्चालन गर्ने।
- पोषणमैत्री स्थानीय तहका सूचकको आधारमा नियमित अनुगमन गरी स्थानीय तहलाई पृष्ठपोषण दिने।

### च. जिल्ला समन्वय समिति

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा जिल्ला समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछ।

- पोषणको पाश्र्वचित्र तयारी गर्न गाउँपालिका र नगरपालिकालाई सहयोग गर्ने।

- पोषण मैत्री स्थानीय तह निर्माणको लागि एकीकृत योजना तर्जुमा र कार्यान्वयन गर्न स्थानीय तहलाई प्राविधिक सहयोग गर्ने।
- पोषणको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थालाई परिचालन गर्ने।
- पोषणमैत्री स्थानीय तहका सूचकका आधारमा स्थानीय तहको अनुगमन गरी पृष्ठपोषण दिने।
- जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको पोषणमैत्री कार्यक्रमको प्रगति स्थितिको अनुगमन गरी नमूनायोग्य कार्यको प्रकाशन तथा सम्प्रेषण गर्ने।

### छ. कार्यपालिका

- पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा कार्यपालिकाको भूमिका देहाय बमोजिम हुनेछ।
- पोषणका क्रियाकलापहरुलाई वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने।
- पोषण मैत्री स्थानीय तहका सूचकमा आधारित रही नियमित अनुगमन गर्ने।
- स्थानीय स्तरका गैरसरकारी संस्थाहरुलाई परिचालन गर्ने।
- निजी क्षेत्र, सामुदायिक सङ्घसंस्था, नागरिक समाजलाई परिचालन गर्ने।
- पोषण मैत्री वडा घोषणाको स्वीकृति दिने।
- पोषण मैत्री स्थानीय तहको लागि तोकिएका सूचक पूरा भएको प्रमाणिकरण गर्ने।
- पोषण मैत्री स्थानीय तह घोषणाको लागि प्रदेशबाट हुने अनुगमनको समन्वय गर्ने।
- पोषण मैत्री स्थानीय तह घोषणाको निर्णय गर्ने।

### ज. वडा समिति

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा वडा समितिको भूमिका देहाय बमोजिम हुनेछ।

- वडास्तरीय कार्यक्रम तर्जुमा गर्दा पोषणलाई प्राथमिकतामा राख्ने।
- वडा तहका सामुदायिक सङ्घसंस्था र नागरिकहरुलाई परिचालन गर्ने।
- पोषणमैत्री वडाको लागि तोकिएका सूचक पूरा भएको प्रमाणिकरण गर्ने।

### झ. विकास साझेदार

पोषणमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा विकास साझेदारहरुको भूमिका देहाय बमोजिम हुनेछ।

- नेपाल सरकारको नीति अनुसार पोषणको क्षेत्रमा लगानी गर्ने।
- स्थानीय तहमा सञ्चालन गर्ने सबै क्रियाकलापहरुलाई स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गर्ने।
- पोषणमैत्री स्थानीय तहका सूचक हासिल गर्न स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध गराउने।

## पोषणमैत्री स्थानीय तहका सूचकहरू

| क्र. स. | सूचकहरु | इकाई | पोषणमैत्री उन्मुख | पोषणमैत्री | पुष्टयाईका आधारहरू | क्षेत्रगत जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य क्षेत्र | | | | | |
| १.१ | गर्भवती महिलाले कम्तिमा ४ पटक (गर्भवती भएको ४, ६, ८ र ९ महिनामा) पुर्व प्रसुति जाँच गरिएको | प्रतिशत | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.२ | सुत्केरी भएपछि कम्तिमा ३ पटक (सुत्केरी भएको ठिक २४ घण्टा, ७२ घण्टा र ७ दिनमा) सुत्केरी | प्रतिशत | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |

| क्र. स. | सूचकहरु | इकाई | पोषणमैत्री उन्मुख | पोषणमैत्री | पुष्ट्याईका आधारहरू | क्षेत्रगत जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| | महिला र शिशुको उत्तर प्रसुति जाँच गरिएको | | | | | |
| १.३ | गर्भवती महिलाले पूर्ण मात्रामा (पहिलो पटक गर्भवती हुँदा २ पटक दोस्रो पटक गर्भवती हुँदा १) टिटि खोप पाएको | प्रतिशत | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.४ | गर्भवती महिलाले गर्भवती भएको दिनदेखि १८० दिनसम्म र सुत्केरी भए पश्चात ४५ दिनसम्म दिनको एक चक्किका दरले आइरन तथा फोलिक एसिड चक्कि खाएको | प्रतिशत | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.५ | स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको सङ्ख्या | प्रतिशत | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.६ | घरमै सुत्केरी गराउने | प्रतिशत | ०% | ०% | HMIS Report | स्वास्थ्य शाखा |
| १.७ | तालिम प्राप्त स्वास्थ्यकर्मीबाट (Skill Birth Attendance) सुत्केरी गराएको | प्रतिशत | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.८ | ६ महिनादेखि ५९ महिनाका बालबालिकाले भिटामिन 'ए' पाएको | प्रतिशत | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.९ | १२ महिनादेखि ५९ महिनाका बालबालिकाले जुकाको औषधी पाएको | प्रतिशत | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.१० | विद्यालय बाहिर रहेका १० देखि १९ वर्षका किशोरीहरुले आइरन चक्की सेवन गरेको | प्रतिशत | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.११ | २४ महिनासम्मका बालबालिकाहरुले नियमित वृद्धि अनुगमन गरेको (जन्मिएको पहिलो महिनादेखि नै हरेक महिनामा एकपटक गरी २४ पटक) | प्रतिशत | >९०% | >९५% | HMIS Report | स्वास्थ्य शाखा |
| १.१२ | शिशु जन्मे देखि ६ महिनासम्म पुर्ण स्तनपान गराएको | प्रतिशत | >८०% | >९०% | HMIS Report | स्वास्थ्य शाखा |
| १.१३ | बच्चा ६ महिना भएपछि स्तनपानका साथै सहि समयमा थप खानाको सुरुवात गरेको (मातृशिशु तथा बाल्यकालीन पोषणको मापदण्ड अनुसार) | प्रतिशत | >८०% | ९०% | HMIS Report | स्वास्थ्य शाखा |

| क्र. स. | सूचकहरु | इकाई | पोषणमैत्री उन्मुख | पोषणमैत्री | पुष्ट्याईका आधारहरू | क्षेत्रगत जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १.१४ | दुई वर्ष मुनिका बालबालिकामा कम तौल भएकाहरु (Under weight) | प्रतिशत | <५ % | <५ % | HMIS Report | स्वास्थ्य शाखा |
| १.१५ | मध्यम शीघ्र कुपोषण (MAM Case) पहिचान भएकाहरु मध्ये पोषण परामर्श दिईएकाहरु | प्रतिशत | १००% | १००% | HMIS Report | स्वास्थ्य शाखा |
| १.१६ | कडा शीघ्र कुपोषण (SAM Case) पहिचान भएकाहरु मध्ये उपचार पाउने | प्रतिशत | १००% | १००% | HMIS Report | स्वास्थ्य शाखा |
| १.१७ | कम तौलका शिशुहरुको जन्म | प्रतिशत | <५ % | <५ % | HMIS Report | स्वास्थ्य |
| १.१८ | आयोडिनयुक्त नुन खाने घरधुरी | प्रतिशत | १००% | १००% | HMIS Report | स्वास्थ्य शाखा |
| १.१९ | पुर्ण खोपयुक्त स्थानीय तह (१२ देखि २३ महिनाको बालबालिकाले पूर्ण खोप पाएको हुने) घोषणा भईसकेको | भए, नभएको | भएको | भएको | HMIS Report | स्वास्थ्य शाखा |
| १.२० | बालबालिकाहरुलाई झाडा पखाला लागेको बेला तोकिएको मात्रा पुरा गरी जिंक चक्की र पुर्नजलीय झोल खुवाउने गरेको | प्रतिशत | १००% | १००% | HMIS Report | स्वास्थ्य शाखा |
| १.२१ | हरेक स्वास्थ्य संस्था पोषणयुक्त घोषणा भएको | भए, नभएको | भएको | भएको | HMIS Report | स्वास्थ्य शाखा |
| १.२२ | हरेक स्थानीय तहमा कम्तिमा ओटिसी/आईटिसी /एन.आर.एच. भएका | संख्या | १वटा | १वटा | HMIS Report | स्वास्थ्य शाखा |
| २ | शिक्षा क्षेत्र | | | | | |
| २.१ | विद्यालयभित्र रहेका १० देखि १९ वर्षका किशोरीहरुले आइरन चक्की सेवन गरेको | प्रतिशत | >९०% | >१००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.२ | कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुको अर्धवार्षिक रुपमा जुकाको औषधी खाने गरेका | प्रतिशत | >९०% | >८०% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.३ | माध्यमिक तहका विद्यालयले बालविवाह, छाउपडी जस्ता सामाजिक कुप्रथा विरुद्धको अभियान, सडकनाटक, वादविवाद, हाजिरीजवाफ मध्ये कुनै न कुनै | प्रतिशत | १००% | १००% | शिक्षा शाखाको स्थानीय तहको आन्तरिक प्रतिवेदन | शिक्षा शाखा |

| क्र. स. | सूचकहरु | इकाई | पोषणमैत्री उन्मुख | पोषणमैत्री | पुष्ट्याईका आधारहरू | क्षेत्रगत जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| | क्रियाकलाप वार्षिक रुपमा सञ्चालन गरेको पोषण संवेदनशील अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरेका विद्यालयहरु सामाजिक कुप्रथा विरुद्दको अभियान, सडकनाटक, वादविवाद, हाजिरीजवाफ मध्ये कुनै न कुनै क्रियाकलाप वार्षिक रुपमा सञ्चालन गरेको पोषण संवेदनशील अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरेका विद्यालयहरु | | | | | |
| २.४ | सबै बालबालिकाको लागि न्यूनतम पूर्वाधारयुक्त प्रारम्भिक बालविकास सञ्चालन भएको | प्रतिशत | १००% | १००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.५ | प्रारम्भिक बालविकासमा तालिम प्राप्त सहजकर्ताहरु | प्रतिशत | ९०% | १००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.६ | आधारभूत विद्यालयको शिक्षा पुरा गर्ने बालबालिकाहरुको प्रतिशत | प्रतिशत | १००% | १००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.७ | स्थानीय पाठ्यक्रममा पोषणका विषयबस्तु समाबेश गरेका विद्यालय | सङ्ख्या | ७०% | >८०% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.८ | ५ वर्ष देखि १४ वर्ष उमेर समूहका विद्यालय वाहिर रहेको बालबालिका | प्रतिशत | <१% | <१% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.९ | दिवा खाजा व्यवस्था भएका वाल विकास केन्द्र | प्रतिशत | ९०% | १००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.१० | विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक सङ्घको बैठकमा पोषण सम्बन्धी विषयवस्तु छलफल भई निर्णय भए नभएको | प्रतिशत | ९०% | १००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.११ | विद्यालयहरुले वार्षिक रूपमा कम्तीमा एउटा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरेको (पोषणयुक्त खानाको बारेमा विद्यालयले अभिभावक शिक्षा सञ्चालन गरेको। | प्रतिशत | ८०% | ९०% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| २.१२ | विद्यालयहरुमा पोषण सम्बन्धी सन्देशमुलक सूचना संप्रेशण गरेको | प्रतिशत | ९०% | १००% | शिक्षा शाखाको प्रतिवेदन | शिक्षा शाखा |
| ३ | महिला तथा बालबालिका | | | | | |

| क्र. स. | सूचकहरु | इकाई | पोषणमैत्री उन्मुख | पोषणमैत्री | पुष्ट्याईका आधारहरू | क्षेत्रगत जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| ३.१ | लैङ्गिक हिंसाका घटना दर्ता भएको सङ्ख्या (न्यायिक समिति, प्रहरी,एकद्वार संकट व्यवस्थापन केन्द्रमा दर्ता भएको) | सङ्ख्या | <१५ | <१० | न्यायिक समितिको प्रतिवेदन | न्यायिक समितिको प्रतिवेदन |
| ३.२ | छाउपडी हुँदा छुट्टै छाउगोठमा राख्ने घरधुरी | प्रतिशत | ०% | ०% | स्थानीय तहको प्रतिवेदन | सामाजिक विकास शाखा |
| ३.३ | कमलरी राख्ने घरधुरी | प्रतिशत | ०% | ०% | स्थानीय तहको प्रतिवेदन | सामाजिक विकास शाखा |
| ३.४ | बालविवाह अन्त्य भएको (प्रहरी प्रतिवेदन, वडा कार्यालय, न्यायिक समिति) | भए नभएको | भएको | भएको | प्रहरी प्रतिवेदन, वडा समितिको प्रतिवेदन | महिला तथा बालबालिका शाखा |
| ३.५ | सुनौलाहजार दिनका घरपरिवारका सदस्यहरु (जस्तै सासुबुहारी, श्रीमान श्रीमती) बीच पोषण व्यवहार सम्बन्धी सवै वडामा अनुशिक्षण भए/नभएको | भए नभएको | भएको | भएको | स्थानीय तहको वार्षिक प्रतिवेदन | महिला तथा बालबालिका शाखा |
| ३.६ | विद्यालय बाहिरका किशोर किशोरीहरु लक्षित पोषण र प्रजनन् स्वास्थ्य सम्बन्धी अनुशिक्षण हरेक वडामा सञ्चालन भएको | भए नभएको | भएको | भएको | स्थानीय तहको वार्षिक प्रतिवेदन | महिला तथा बालबालिका |
| ३.७ | सडकमा आश्रित बालबालिका भए/नभएको | भए नभएको | नभएको | नभएको | खोजतलास केन्द्र, प्रहरी, बाल अभिकारी परिषद/समिति | स्थानीय तह |
| ३.८ | कानून विपरित श्रममा संलग्न बालबालिका भए/नभएको | | नभएको | नभएको | स्थानीय तहको प्रतिवेदन, बालकल्याण समितिको प्रतिवेदन | महिला तथा बालबालिका शाखा |
| ३.९ | हरेक स्थानीय तह र सवै वडा तहमा बालसंजाल गठन भएको | | भएको | भएको | स्थानीय तहको प्रतिवेदन | महिला तथा बालबालिका शाखा |
| ४ | खानेपानी तथा सरसफाई | | | | | |
| ४.१ | आधारभुत तहको खानेपानीको सुविधा भएको घरधुरी | प्रतिशत | ९५% | १००% | स्थानीय तहको वार्षिक प्रतिवेदन | पूर्वाधार विकास शाखा |

| क्र. स. | सूचकहरु | इकाई | पोषणमैत्री उन्मुख | पोषणमैत्री | पुष्ट्याईका आधारहरू | क्षेत्रगत जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| ४.२ | व्यवस्थित तथा सफा शौचालय भएको घरधुरी | प्रतिशत | ९५% | १००% | अध्यावधिक प्रोफाइल | पूर्वाधार विकास शाखा |
| ४.३ | घरपरिवारमा मुख्य ५ संवेदनशील समय (चर्पी गएपछि, बालबालिकाको दिसा घोएपछि, खाना खानु अघि, बालबालिकालाई दूध खुवाउनु अघि, फोहोर चलाएपछि) सावुनपानीले हातधुने बानीको विकास भएको | प्रतिशत | ९५% | १००% | नमूना घरधुरी सर्भेक्षण | पूर्वाधार विकास शाखा |
| ४.४ | खानेपानीको गुणस्तर परिक्षण भएको (प्रत्येक ६/६ महिनामा र प्रकोपको घटना घटेको भए सो पछि तत्काल) | प्रतिशत | ८०% | १००% | स्थानीय तहको वार्षिक प्रतिवेदन | पूर्वाधार विकास शाखा |
| ४.५ | घरायसी खानेपानी पिउन योग्य भए नभएको परीक्षण गरेको | प्रतिशत | ९५% | १००% | घरधुरी नमूना परिक्षण प्रतिवेदन | पूर्वाधार विकास शाखा |
| ४.६ | विद्यालय तथा स्वास्थ्य संस्थामा वास कर्नर स्थापना गरिएको | प्रतिशत | ९५% | १००% | स्थानीय तहको वार्षिक प्रतिवेदन | पूर्वाधार विकास शाखा |
| ४.७ | घरबाट निस्कने फोहोर पानीको उचित व्यवस्थापन गर्ने घरपरिवार सङ्ख्या | प्रतिशत | ९५% | १००% | स्थानीय तहको वार्षिक प्रतिवेदन | पूर्वाधार विकास शाखा |
| ४.८ | खुल्ला दिसामुक्त स्थानीय तह/वडा भएको | प्रतिशत | १००% | १००% | स्थानीय तहको प्रतिवेदन, घोषणाको निर्णय | स्थानीय तह |
| ५ | कृषि विकास | | | | | |
| ५.१ | करेसाबारी स्थापना भएको घरपरिवार (जमिन नभएका परिवारको लागि स्थानीय बजारमा नियमित रुपमा ताजा तरकारी उपलब्ध हुने अवस्था रहेको हुनुपर्ने) | प्रतिशत | >७०% | >८०% | बजार अनुगमन प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ५.२ | पर्याप्त पौष्टिक तत्व भएको अन्न, सागसब्जी, गेडागुडी, फलफुल तथा माछामासु लगायतका खानाको उपभोग सुनिश्चितता भएको | प्रतिशत | >७०% | >८०% | नमूना घर परिवार सर्वेक्षण प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |

| क्र. स. | सूचकहरु | इकाई | पोषणमैत्री उन्मुख | पोषणमैत्री | पुष्ट्याईका आधारहरू | क्षेत्रगत जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| ५.३ | स्थानीय स्तरमा पाइने रैथाने बाली प्रवर्द्धन सम्बन्धी सचेतना /कार्यक्रममा सहभागि घरपरिवार | प्रतिशत | >७०% | >८०% | कृषि विकास शाखाको प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ५.४ | प्रत्येक वडामा नमूना जैविक तरकारी फार्मको भए नभएको (जमिन नभएका वडामा उपभोगको सुनिश्चितता भएको हुनुपर्ने) | भए/ नभएको | भएको | भएको | कृषि विकास शाखाको प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ५.५ | जैवीक विषादी र प्राङ्गरिक मल प्रयोग गर्ने कृषक घरपरिवार | प्रतिशत | >७०% | >८०% | कृषि विकास शाखाको प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ५.६ | खाद्य स्वच्छता र गुणस्तरको अनुगमन भएको | पटक | <२ | <३ | अनुगमन प्रतिवेदन | कृषि तथा पशुसेवा |
| ५.७ | बजारमा तरकारी तथा फलफूलको उपलब्धता र उपयोग गर्ने घरधुरी | प्रतिशत | ९०% | १००% | कृषि विकास शाखाको प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ६ | पशुपन्क्षी विकास | | | | | |
| ६.१ | व्यवस्थित पशुपंक्षी पालन गर्ने कृषक घरपरिवार (उपभोगको सुनिश्चिता) | प्रतिशत | >७०% | >८०% | कृषि तथा पशुसेवा शाखाको प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ६.२ | दूधजन्य पदार्थहरु (दूध, दही, पनीर, चीज), अण्डा मासुजन्य (माछा, मासु, पन्छी) नियमित उपभोग गर्ने घरपरिवार | प्रतिशत | >८०% | >९५% | कृषि तथा पशुसेवा शाखाको प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ६.३ | दूघ ९१ लि., मासु १४ के.जी., अण्डा १५० वटा प्रति व्यक्ति वार्षिक रुपमा उपलब्धता | प्रतिशत | >८०% | >९५% | कृषि तथा पशुसेवा शाखाको प्रतिवेदन | कृषि तथा पशुसेवा शाखा |
| ७ | शासकीय प्रबन्ध | | | | | |
| ७.१ | स्थानीय तहको वार्षिक योजना तर्जुमा पूर्व र कार्यक्रमको समीक्षाको समयपूर्व कम्तीमा १ /१ पटक पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक बसेको (स्थानीय तह) | वटा | >१००% | १००% | बैठकको निर्णय पुस्तिका | स्थानीय तह / प्रमुख प्रशासकीय अधिकृत |

| क्र. स. | सूचकहरु | इकाई | पोषणमैत्री उन्मुख | पोषणमैत्री | पुष्ट्याईका आधारहरू | क्षेत्रगत जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| ७.२ | पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति क्रियाशीलता (वडा तह) | चौमासिक | >२ | >४ | बैठकको निर्णय पुस्तिका | वडा कार्यालय |
| ७.३ | स्थानीय तहको दीर्घकालीन, आवधिक तथा वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना अनुसारका कार्यक्रम समावेश भए नभएको | भएको नभएको | भएको | भएको | वार्षिक बजेट तथा कार्यक्रम | बजेट तथा कार्यक्रम शाखा |
| ७.४ | स्थानीय तहको सभावाट पोषण सम्बन्धी नीति तथा कार्यक्रम पारित भए /नभएको | भए / नभएको | भएको | भएको | वार्षिक बजेट तथा कार्यक्रम | सामाजिक विकास शाखा |
| ७.५ | स्थानीय तह/वडाको बजेटबाट (समानिकरण र आन्तरीक स्रोत) पोषण कार्यक्रमका लागि बजेट छुट्टाइएको | छ /छैन | छ | छ | वार्षिक बजेट तथा कार्यक्रम | सामाजिक विकास शाखा |
| ७.६ | स्थानीय तहमा कार्यरत कर्मचारीहरुको लागि पोषण सम्बन्धी क्षमता अभिवृद्धि भए नभएको | भएको नभएको | भएको | भएको | बजेट विनियोजना तथा क्षमता विकास प्रतिवेदन | सामाजिक विकास शाखा |
| ७.७ | स्थानीय तहको पोषण पाश्र्वचित्र तयार र अध्यावधिक | भएको नभएको | भएको | भएको | अध्यावधिक प्राश्वचित्र | सामाजिक विकास शाखा |
| ७.८ | स्थानीय तहमा पोषण कर्नर स्थापना | भएको नभएको | भएको | भएको | पोषण कर्नर स्थापना भएको विवरण | सामाजिक विकास शाखा |
| ७.९ | स्थानीय तहको कार्यालयमा छुट्टै स्तनपान कक्षको व्यवस्था | भएको नभएको | भएको | भएको | पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको अनुगमन प्रतिवेदन | सामाजिक विकास शाखा |
| ७.१० | परम्परागत खाद्यवस्तुमा आधारित पोषणयुक्त आहारको तयारी र सूचना स्थानीय रेडियो तथा होर्डिङबोर्ड आदि मार्फत सम्प्रेषण भए नभएको | वार्षिक पटक | >३ | >५ | प्रशारित सन्देश र प्रशारणको प्रतिवेदन | सामाजिक विकास शाखा |
| ७.११ | स्थानीय विपद् व्यवस्थापन योजनामा विपद्को समयमा पोषण विषय समावेश भएको हुनेछ। | भए / नभएको | भएको | भएको | मौज्दात प्रतिवेदन | विपद् व्यवस्थापन |

| क्र. स. | सूचकहरु | इकाई | पोषणमैत्री उन्मुख | पोषणमैत्री | पुष्ट्याईका आधारहरू | क्षेत्रगत जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| ७.१२ | महामारी तथा विपदको समयको लागि गाउँपालिका तथा नगरपालिका वा रेडक्रस जस्ता सामाजिक सङ्घसंस्थामा खाद्यान्न, भाँडाकुँडा तथा लत्ताकपडा, उपचारको लागि औषधी र उपकरणको मौज्दात राख्ने व्यवस्था | भएको /नभएको | भएको | भएको | मौज्दात प्रतिवेदन | विपद् व्यवस्थापन शाखा |
| ७.१३ | घरभित्रको धुँवामुक्त भएको घरपरिवार | प्रतिशत | ९०% | १००% | स्थानीय तहको प्रतिवेदन | सामाजिक विकास शाखा |
| ७.१४ | स्वास्थ्य, कृषि, पशुसेवासँग सम्बन्धित प्राविधिकहरुको सेवा उपलब्धता | प्रतिशत | ९०% | १००% | स्थानीय तहको प्रतिवेदन | प्रशासन शाखा |
| ७.१५ | बाल पोषण भत्ता वितरणको समयमा अभिभावकलाई बाल पोषण भत्ताको उपयोग सम्बन्धी अभिमुखीकरण भएको | प्रतिशत | १००% | १००% | अभिमुखीकरण प्रतिवेदन | सामाजिक विकास शाखा |